# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प. सं. २०८३/०८४ (प्रशासन)
च. नं. १८८२

## पदपूर्ति सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मितिः २०८३।०६।२९)

भरतपुर महानगरपालिका अन्तर्गत शिवनगर प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्न तपसिलको जनशक्ति आवश्यक भएकोले "भरतपुर महानगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ (संशोधित २०८०) बमोजिम सेवा करारको माध्यमबाट पदपूर्ति गर्न यो सूचना प्रकाशन गरिएको छ । इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुबाट तोकिएको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (मिति २०८३ कात्तिक १२ गते कार्यालय समयसम्म) रीतपूर्वक आवेदन फाराम भरी पेश गर्न आह्वान गरिन्छ ।

तपसिल

| सूचना/विज्ञापन नं. | पद | तह | सेवा | समूह | माग सङ्ख्या |
|---|---|---|---|---|---|
| १।०८३।८४ | कन्सल्टेन्ट रेडियोलोजिस्ट | नवौं | स्वास्थ्य | रेडियोलोजी | १ (एक) |

**क) न्यूनतम शैक्षिक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एमबीबीएस वा सो सरहको उपाधि प्राप्त गरी रेडियोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्रयाजुएट डिप्लोमा वा सो सरह ।

**ख) उमेरः** २१ वर्ष पूरा भएको वा लोक सेवा आयोगले तोकेको उमेर हद अनुरुप हुनेछ ।

**ग) छनौटको किसिमः** लिखित तथा मौखिक (परीक्षा मिति पछि प्रकाशन गरिनेछ ।)

**घ) दरखास्त दिने स्थानः** भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको राजस्व शाखामा तोकिएको दस्तुर बुझाएको रसिद लिई प्रशासन तथा जनशक्ति विकास शाखामा दरखास्त बुझाउनु पर्नेछ ।

**ङ) परीक्षा दस्तुरः** रु. १५००।-

**च) आवेदन साथ संलग्न गर्नुपर्नेः** आवेदक स्वयमले सक्कल बमोजिम नक्कल ठीक छ भनी प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु–

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- न्यूनतम शैक्षिक योग्यताको लब्ध्याङ्क प्रमाणपत्रको प्रतिलिपि,
- चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,
- कामसँग सम्बन्धित अनुभव भए सोको कागजात,
- तालिमको प्रमाणपत्र भए सोको प्रतिलिपि,
- नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
- ३ प्रति पासपोर्ट साइजको फोटो ।

**छ) सेवा सुविधाः** शिवनगर प्राथमिक स्वास्थ्य केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय अनुसार उपलब्ध हुनेछ । आवेदनको ढाँचा र विस्तृत जानकारी महानगरपालिकाको वेबसाइट www.bharatpurmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०५६-५११०८०,५९००७४, ५१०७२०, ५१०७२०
E-mail: bmc@ntc.net.np, Website: bharatpurmun.gov.np